# मन्त्रिपरिषद् बैठकका १४ निर्णय




काठमाडौं, २६ पुस । सरकारले पुस १९ र २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गरेको छ । बिहिबार सिंहदरबारमा पत्रकार सम्मेलन गरी सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाले सो निर्णयबारे जानकारी दिएका हुन् ।

**यी हुन् निर्णयहरू :**

१. नेपाल विशेष सेवा (अठारौं संशोधन) नियमावली, २०७५ स्वीकृत गरिएको छ ।

२. राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम स्वीकृत गरिएको छ ।

३. नेपालगञ्ज (बाँके) रंगशाला परिसरभित्र रहेको दुई कट्ठा सात धुर जग्गा प्राप्त गर्न राष्ट्रिय खेलकुद परिषद्लाई स्वीकृति दिइएको छ ।

४. सात जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा पदोन्नती गरी पदस्थापन गर्ने र १३ जना महासेनानीलाई सरूवा गर्ने निर्णय गरिएको छ ।

५. दूरसञ्चार (आठौं संशोधन) नियमावली, २०७५ स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिइएको छ ।

६. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिइएको छ ।

७. भारतको नयाँ दिल्लीमा हुने नेपाल-भारत सचिवस्तरीय संयुक्त जलस्रोत समितिको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाई सचिव डा. संजय शर्मालाई नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी भाग लिन पठाउने निर्णय गरिएको छ।

८. नेपाल प्रहरी तथा प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिइएको छ ।

९. गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालको संशोधित विधान, २०७४ स्वीकृत गरिएको छ ।

१०. झापा जिल्ला महारानीझोडा, लखनपुर, सतासीधाम, शिवगञ्ज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७५ बमोजिम गठित समितिको अध्यक्षमा शिवसतासीधाम-३, धरमपुर, झापाका श्री राधाकृष्ण खनाललाई र समितिको सदस्यमा हाल गौरादह नगरपालिका-५, झापाका श्री मदन प्रसाद अधिकारीलाई तोक्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने निर्णय गरिएको छ ।

११. रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ स्वीकृत गरिएको छ ।

१२. महेन्द्रनगर नगर विकास समिति विघटन गरिएको छ ।

१३. स्वास्थ्य मन्त्रालय अन्तर्गतका विभिन्न विकास समितिहरूमध्ये निम्न विकास समितिहरू संघ अन्तर्गत रहने गरी कायम गरिएको छ :

क) कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० बमोजिम गठित कान्ति बाल अस्पताल, काठमाडौं ।

ख) परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति (गठन) आदेश, २०४६ बमोजिम गठित परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, काठमाडौं ।

ग) शुक्रराज ट्रपिकल तथा सरूवा रोग विकास समिति (गठन) आदेश, २०४९ बमोजिम गठित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल, काठमाडौं ।

घ) सिंहदरबार बैद्यखाना विकास समिति (गठन) आदेश, २०५१ बमोजिम गठित सिंहदरबार बैद्यखाना, काठमाडौं ।

ङ) किटजन्य रोग अनुसन्धान तथा तालीम विकास समिति (गठन) आदेश, २०५६ बमोजिम गठित किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, काठमाडौं ।

च) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९ बमोजिम गठित मानसिक अस्पताल, ललितपुर ।

छ) नरदेवी आयुर्वेद अस्पताल विकास समिति (गठन) आदेश, २०५९ बमोजिम गठित नरदेवि आयुर्वेद अस्पताल, काठमाडौं ।

ज) मानव अंग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ बमोजिम गठित शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर ।

झ) राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र विकास समिति (गठन) आदेश, २०६९ बमोजिम गठित राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, किर्तिपुर, काठमाडौं ।

१४. राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक दिलिपराज रेग्मीको सेवा अवधि तीन वर्ष पुरा भएकाले पुस २३ देखि लागू हुनेगरी निजलाई राष्ट्रिय अनुसन्धान विभागको सेवाबाट अवकास दिने निर्णय गरिएको छ। रिक्त रहने उक्त पदमा विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री गणेशकुमार अधिकारीलाई सोही दिनदेखि लागू हुनेगरी बढुवा गरिएको छ ।

## बसबरिया गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### भवानीपुर, सर्लाही
### प्रदेश न.-२, नेपाल

# शिलबन्दी दरभाउ पत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/९/२७**

बसबरिया गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बागमती नदी क्षेत्रमा तपशिल बमोजिम आ.ब.२०७५/७६ मा ढुंगा,गिट्टी,बालुवामा प्राकृतिक श्रोत कर संकलन गर्न यो दरभाउ पत्र ,मु.अ.कर दर्ता प्रमाण पत्र तथा आ.ब. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू तथा उक्त कार्य गर्न योग्य भएको स्वधोसना पत्र पेश गरि निम्न शर्तहरुको अधिनमा रही तपशिल बमोजिमको मिति, समय र स्थानमा शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का संख्या | ठेक्का विवरण | अधिकतम परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक(रु.) (मुल्य अ. कर बाहेक ) | पछि फिर्ता नहुने गरी दरभाउ फारम दस्तुर रु. |
|---|---|---|---|---|
| १/२०७५/०७६ | बागमती क्षेत्रको प्राकृतिक श्रोत ढुंगा, गिट्टी, बालुवामा कर संकलन। भैसासुर घाट मानपुर हाल: बसबरिया वडा न.१ मानपुर | ५,००,००० | २०,००,०००/- (बिस लाख) | २०००/-(दुई हजार मात्र) |
| २/२०७५/०७६ | बागमती क्षेत्रको प्राकृतिक श्रोत ढुंगा, गिट्टी, बालुवामा कर संकलन। रामजानकी घाट मानपुर हाल: बसबरिया वडा न.२ मानपुर | ३,७५,००० | १५,००,०००/- (पन्ध्र लाख) | २०००/-(दुई हजार मात्र) |

**दरभाउ पत्रमा देहायका शर्तहरु लागु हुनेछन :**

१. दरभाउ पत्र खरिद गर्ने मिति, समय र स्थान : २०७५/०९/२७ गते देखि २०७५/१०/११ गते सम्म,कार्यालय समय भित्र ,बसबरिया गाउँकार्यपालिकाको कार्यालय र ऐ वडा न. ३ को कार्यालय भवानीपुर, सर्लाही ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०७५/१०/१२ गते दिनको १२:०० बजे सो दिन बिदा परेमा सो को भोलि पल्ट सोहि समयमा र स्थानमा, बसबरिया गाउँपालिकाको कार्यालय,भवानीपुर, सर्लाही ।

३. दरभाउ पत्र खोल्ने मिति, समय र स्थान : २०७५/१०/१२ गते दिनको २:०० बजे बसबरिया गाउँपालिको कार्यालय भवानीपुर, सर्लाही । सो दिन बिदा परेमा सो को भोलि पल्ट सोहि समयमा र स्थानमा ।

४. दरभाउ जमानत वापत कबोल अंकका ५ (पाँच) प्रतिशतले हुने रकम बसबरिया गाउँपालिकाको नाममा "क" वर्गको बैंकको शाखामा बैंक जमानत वा जमानतवापतको रकम नेपाल बैंक लि. च.हि.न. ०२९४३०००००००३००००२ बसबरिया गाउँपालिकाको नाम मा जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्रसाथ संलग्नहुनु पर्नेछ ।

५. मूल्यांकनबिधि : न्युनतम रकम भन्दामाथि गोप्य बढाबढ विधिबाट ।

६. दरभाउ सम्वन्धि बिस्तृत जानकारी बसबरिया गाउँपालिकाको सुचना पाटी तथा वेबसाइट www.basbariyamun.gov.np मा समेत हेर्न सकिनेछ ।

**ठेक्का सम्बन्धी सामान्य शर्तहरु :**

क) स्वीकृत कबोल अंक बराबरको रकम प्राप्त भए पछि मात्र सम्झौता गरि चलन पट्टी प्रदान गरिनेछ ।

ख) एकमुष्ट कबोल अंक बराबरको रकम सम्झौता गर्नु पुर्व बुझाउनु पर्ने छ । कबोल अंकको एकमुष्ट दाखिला गर्नुपर्ने छ ।

ग) प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर तथा अन्य शुल्क सम्बन्धि दरभाउपत्रले बुझाउनु पर्नेछ । स्वीकृत कबोल अंकबाट कट्टा गर्न पाइने छैन । .

घ) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ असार १५ गते सम्म कायम रहने छ । तर तोकिएको परिमाण सो अवधि भन्दा पहिला नै संकलन गरि सक्न बाधा पर्ने छैन ।

ङ) दरभाउपत्र दाताले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट संग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

च) दरभाउ पत्र स्वीकृत भएको मितिले बाटोको म्यादबाहेक ७ (सात) दिन भित्र दरभाउपत्र दाता नियम अनुसार आयकर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपिको प्रमाणीत प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सम्झौता गरी पट्टा नउठाएमा वा बुझाउनु पर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ । दोस्रो दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : दरभाउपत्र आव्हान गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

छ) शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक न. समेत उल्लेख गरी ३/३ प्रति रसिद ठकेदारले आफ्नै तर्फवाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरि मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ । विवरण पेश नगरेको कारण संकलन रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने ।

ज) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित हुनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

झ) ढुगां, गिट्टी, बालुवा सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति एबं गाउँ स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

ञ) ढुगां, गिट्टी, बालुवाको अनुगमन कार्य गर्दा जि.स.स. सर्लाहीको स्वीकृत इआइए (EIA) प्रतिबेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ । ती शर्तहरुको पालानागर्दा बातावरणीय नाकारात्मक प्रभाब न्युनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहर्नु पर्नेछ । नेपाल सरकार, प्रदेश सरकार, तथा यस गाउँपालिकाबाट बन्देज लगाइएको अबधिभर नदीबाट ढुगां, गिट्टी, बालुवा संकलनगर्न पाइने छैन ।

ट) सम्मानित अदालत ,नेपाल सरकार ,प्रदेश सरकार तथा यस गाउँपालिकाको नीतिनिर्देशन तथा आदेशको पालनागर्नु गराउनु र लागुगर्नु ठेकेदारको कर्तव्य एबं दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनको कारणबाट कुनै हानि नोक्सानी हुन् गएमा ठेकेदारले गाउँपालिकासंग सो को क्षतिपूर्तिको दाबिगर्न पाउनेछैन ।

ठ) यस सुचनामा उल्लेख नभएका बिषयहरु यस गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

ड) दरभाउ पत्र सम्वन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

ढ) कुनै कारणबाट कबोल अंक बराबरको रकम नउठेमा बोलपत्र दातालाई कुनै छुट दिइने छैन ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**